# धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको, कार्यालय

धनगढी, सिरहा

**प्रदेश नं. २ नेपाल**

**सूचना !** **सूचना !!** **सूचना !!!**

## निजि जग्गा बाट नदिजन्य पदार्थ उत्खनन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।०६।२६**

धनगढीमाई नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।५।२८ को निर्णय अनुसार यस नगरपालिकाको खानी तथा खनिज पदार्थ ऐनको दफा ५ बमोजिम व्यक्तिगत जमिनमा माटो, ढुंगा, गिट्टी, ग्राभेल उत्खनन गर्न गराउन चाहने हरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरु सहित निबेदन दिन हुन अनुरेध छ। नगरपालिका कार्यालय धनगढीको अनुमति बेगर  उत्खनन गरे गराए नियमानुसार कारवाही भई जाने व्योहरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

१. जगगा धनि वा अधिकार प्राप्त प्रतिनिधिले व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) तथा आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र

२. खानी संचालन गर्ने जग्गाको लालपूर्जाको प्रतिलिपी

३. आफ्नो जग्गा नभएको हकमा जग्गा धनीको मञ्जुरनामा

४. जगगा धनि तथा अनुमति लिनेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

५. प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) प्रतिबेदन

६. बाटोको व्यवस्था खानी संचालकले स्व्यं आफै गर्नु पर्नेछ

७. नियम विपरीत उत्खन्न गरिएको पाईएमा जुनसुकै बेला उत्खनन बन्द गराईने छ

८. उतखन्न गर्ने  खानीजन्य वस्तुको परिमाण बराबरको प्रति घन मिटर रू. ३५।५० को दरले हुन आउने रकम सम्झौता हुने बखत बुझाउनु पर्नेछ अथवा सो बराबरको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकवाट यस कार्यालयको पक्षमा जारी गरीएको २०७६ साउन मसान्त सम्मको कार्य सम्पादन जमानत बुझाउनु पर्ने छ।

९. विस्तृत जानकारीको लागि नगर कार्यपालिका कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न हुन जानकारी गराईन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

**धनगढीमाई नगरपालिका सिरहा ।**